# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः २५ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- शिक्षक भर्ती घोटाला मामिलामा प्रवर्तन निर्देशनालयले आज तृणमूल कांग्रेसका विधायक जीवन कृष्ण साहालाई पक्राउ गरेको छ।

- आज स्वतन्त्रता सेनानी शहीद मेजर दुर्गा मल्लको पुण्यतथिमा पहाड तथा तराइ डुवर्शको विभिन्न स्थानहरुमा ८१ औ बलिदान दिवस पालन गरियो I

- पश्चिम बंगालको डायमंड हार्बर लोकसभा सीटका तृणमूल कांग्रेस सांसद अभिषेक बनर्जीले आज कलकत्ता उच्च अदालतमा प्रति- हलफनामा दर्ता गर्नु भएको छ।

- आगामी २७ अगस्तको दिन तक्दाहमा पहाडकै पहिलो इन्जिनियरिंग कलेजको उद्धाटन हुनेछ I

- पश्चिम बंगालमा निरन्तर रहेको न्यून चापीय वायुका कारण मौसम फेरि बिग्रने सम्भावना छ।

**बंगाल-तृणमूल विधायक गिरफ्तार**

प्रवर्तन निर्देशनालयले आज तृणमूल कांग्रेसका विधायक जीवन कृष्ण साहालाई पश्चिम बंगालको मुर्शिदाबाद जिल्लाको बुरवानस्थित उनको निवासबाट पक्राउ गरेको छ। राज्यमा स्कूल सेवा आयोग-एसएससी शिक्षक भर्ती प्रक्रियामा कथित अनियमितताको सम्बन्धमा उनलाई पक्राउ गरिएको छ । मुर्शिदाबाद, वीरभूम, पुरुलिया र कोलकाता लगायत धेरै ठाउँमा निर्देशनालयले गरेको व्यापक खोजी अभियानपछि उनलाई पक्राउ गरिएको हो। यो छापा अभियान , भर्ती घोटालाको गहन अनुसन्धानको एक हिस्सा हुन्। जीवन कृष्ण साहालाई पहिले पनि सोही मुद्दामा पक्राउ गरिएको थियो। विधायकलाई आज कोलकाता अदालतमा पेश गरिने अपेक्षा गरिएको छ। विधायकका आफन्तहरूसँग पनि सोधपुछ भइरहेको छ। यसैबीच साहाको पक्राउपछि तृणमूल कांग्रेसले भाजपा र केन्द्र सरकारमाथि राजनीतिक प्रतिशोधको आरोप लगाएको छ । पार्टीले सामाजिक सञ्जालमा लेखेको छ – भाजपाले दुई 'ई' नीतिमा काम गर्छ। पहिलो 'ई' भनेको निर्वाचन आयोग हो, जसलाई मतदानको अधिकार खोस्न प्रयोग गरिन्छ। यदि यो असफल भयो भने, दोस्रो 'ई' अर्थात् ईडी (प्रवर्तन निर्देशनालय) लाई विपक्षीलाई कुचल्न लगाइन्छ। टीएमसी नेता जयप्रकाश मजुमदारले साहालाई पहिले पनि पक्राउ गरिएको र महिनौंसम्म हिरासतमा राखिए तापनि केही प्रमाणित नभएको बताउनु भएको छ । उहाले साहालाई फेरि चुनावको ठीक अगाडि पक्राउ गरिनु केवल बदलाको राजनीति रहेको बताउनु भएको छ । अर्कोतिर आरोपहरू अस्वीकार गर्दै भाजपाले तृणमूल र भर्ती घोटाला एउटै कुराको पर्यायवाची भएको बताएको छ। प्रदेश भाजपा महासचिव जगन्नाथ चट्टोपाध्यायले, विद्यार्थीहरूको भविष्य लुट्नेहरूलाई किन पक्राउ नगर्नु भन्दै प्रश्न गर्नु भएको छ I उहाले तृणमूल र भ्रष्टाचार एउटै सिक्काका दुई पाटा रहेको बताउनु भएको छ।

**बलिदान दिवस**

आज स्वतन्त्रता सेनानी शहीद मेजर दुर्गा मल्लको पुण्यतथिमा पहाड तथा तराइ डुवर्शको विभिन्न स्थानहरुमा ८१ औ बलिदान दिवस पालन गरियो I दार्जीलिंगका सांसद राजु बिस्टले शहीद मेजर दुर्गा मल्लको ८१ औ पुण्यतिथि तथा बलिदान दिवसमा श्रधन्जली अर्पण गर्नु भयो I उहाले भारतको स्वतन्त्रता सङ्ग्राममा हाम्रा पुर्खाहरूले गरेको योगदान र बलिदान अतूलनीय रहेको बताउनु भयो। ब्रिटिश सम्राज्यवादविरुद्ध देशका विभिन्न भागहरूमा गोर्खाहरूले विभिन्न तरिकाले आफ्नो भूमिका खेलेको बताउनु भयो। दार्जीलिङमा वीर गोर्खा स्वतन्त्रता सेनानी शहीद मेजर दुर्गा मल्लको ८१औं पुण्यतिथि विधिवत रुपले पालन

गरियो। यस अवसरमा क्यापिटल टाउन हल परिसरमा खडा गोर्खा स्वतन्त्रता सेनानी मेजर दुर्गा मल्लको पूर्णाङ्ग सालिकमा पुष्प गुच्छा अर्पण गर्दै मानिसहरूले श्रद्धाञ्जली अर्पण गरे भने भारतीय गोर्खा परिसंघ तथा भागोप दार्जीलिङ महकुमा समितिको तत्त्वावधानमा भएको यस कार्यक्रमपछि हेडन हल-मा रक्तदान शिविरमा पनि मानिसहरुले उत्साहपूर्ण ढङ्गमा अंश ग्रहण गरेका थिए। यसैबीच खरसांग महाकुमाको गढीधुरामा नवदीप परिवारको आयोजनामा भव्यताको साथमा बलिदान दिवस पालन गरियो I कार्यक्रममको प्रथम चरणमा गाढीधुरामा रहेको शहीद मेजर दुर्गा मल्लको शालिगमा दीप धुप प्रज्वलन गरि श्रधान्जली अर्पण गरियो I यसरी नै दोस्रो चरणको कार्यक्रममा जीटीएका कार्यकारी सभासद अनोस थापालाई प्रथम स्वर्गीय भीम लकान्द्री स्मृति पुरस्कार प्रदान गरियो भने कार्यक्रममा नेपाली कविता वाचहन प्रतियोगिता पनि सम्पन्न गरियो I कार्यक्रममा कुनाल छेत्रीले बलिदान दिवसबारे आफ्नो मन्तव्य राख्नु भयो I

***तक्दाह छाउनीमा पनि गोर्खा भुतपुर्व सैनिक संगठन तक्दाहले शहीद मेजर दुर्गा मल्ललाई श्रधन्जली अर्पण गर्दै बलिदान दिवस पालन गर्यो I यसैबीच डुवर्शको बग्रकोट मिनामोड़मा अवस्थित शहीद मेजर दुर्गा मल्लको शालिग अघि विविध कार्यक्रमको साथमा आदिवासी – गोर्खा संयुक्त समितिको आयोजनामा बलिदान दिवस पालन गरियो I कार्यक्रममा विभिन्न संघ संस्थाका सदस्यगण, विद्यालयका शिक्षक शिक्षिकागण अनि विद्यार्थीहरु उपस्थित थिए I***

**अभिषेक ब्यनर्जी- हलफनामा**

पश्चिम बंगालको डायमंड हार्बर लोकसभा सीटका तृणमूल कांग्रेस सांसद अभिषेक बनर्जीले आज कलकत्ता उच्च अदालतमा प्रति- हलफनामा दर्ता गर्नु भएको छ। उहाले यो हलफनामा २०२४ को लोकसभा चुनावमा आफ्नो भारी जितलाई चुनौती दिने चुनावी याचिकाको जवाफमा दर्ता गरिएको जानकारी प्राप्त भएको छ । यस मुद्दाको अर्को सुनुवाइ ४ सेप्टेम्बरमा हुनेछ। सांसद अभिषेक बनर्जी आज बिहान लगभग ११ बजे उच्च अदालत पुगेर त्यहाँ लगभग १५ मिनेट उपस्थित हुनु भयो। यस क्रममा उहाले केही आवश्यक कागपत्रहरूमा हस्ताक्षर गर्नु भयो र आफ्नो हलफनामा दर्ता गर्नु भयो। उल्लेखनीय छ, भाजपा उम्मेदवार अभिजित दास (बबी) ले २०२४ को लोकसभा चुनावको परिणामलाई चुनौती दिनु हुदै उच्च अदालतमा याचिका दर्ता गर्नु भएको थियो। याचिकामा डायमंड हार्बर सीटमा व्यापक चुनावी अनियमितता भएको र चुनावी नतिजा मान्य नभएको आरोप लगाइएको छ।

**इन्जिनियरिंग कलेज**

आगामी २७ अगस्तको दिन तक्दाहमा पहाडकै पहिलो इन्जिनियरिंग कलेजको उद्घाटन हुनेछ I कलेजले प्राविधिक शिक्षा र अनुसन्धानमा ध्यान केन्द्रित गर्दै आधुनिक शिक्षण वातावरण प्रदान गर्ने छ I यहा विभिन्न इन्जिनियरिंग र व्यवस्थापन विषयमा स्नातक तहसम्मको पठन पठान हुने भएको छ I जसमा कम्प्युटर विज्ञान इन्जिनियर, सामान्य र ए.आई, मेकानिकल इन्जिनियरिंग,इलेक्ट्रिकल इन्जिनियरिंग,होटल व्यवस्थापन आदिबारे शिक्षा प्रदान गरिने छ I पाठ्यक्रम अवधि चार वर्षको हुनेछ भने प्रति वर्ष ६० विद्यार्थीहरूको भर्ना हुनेछ I भर्नाका लागि डी.एच.आई.टी.एम. मा सम्पर्क गर्न सकिने छ I

**नदिया - छात्रा हत्या**

पश्चिम बंगालको नादिया जिल्ला अन्तर्गत कृष्णनगरमा बाह्रौ कक्षामा अध्यनरत एक छात्राको उनको घरमा गोली हानी हत्या गरिएको समाचार प्राप्त भएको छ। मृतकको पहिचान १८ वर्षीया इशा मल्लिकको रूपमा गरिएको छ। पुलिसले हाल आरोपीको खोजी गरिरहेको छ। साथै, एक संदिग्ध व्यक्तिको पहिचान गरिएको छ, जसले काञ्चरापाडामा पढ्दा इशितासँग चिनजान गरेको थियो। पुलिस स्रोत अनुसार, दुवै पहिले सम्बन्धमा थिए, तर २०२३ मा इशिताले बोल्न छोडिन्। यही विवादका कारण युवकले छात्राको हत्या गरेको हुन् सक्ने आशंका गरिएको छ। हाल पुलिसले पोस्टमार्टम रिपोर्टको प्रतिक्षामा रहेको र यस घटनाको विस्तृत जानकारी चाँडै सार्वजनिक गर्ने तयारी गरिरहेको छ।

**बिजनबारी- जनचेतना**

नशामुक्त समाज बनाउने लक्ष्यको साथमा सिटिजन एगेन्स ड्रक्स संस्थाको मुख्य आयोजना तथा पुलबजार थानाको सक्रियतामा बिजनबारी महाविद्यालयमा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा दार्जिलिङ पुलिसका प्रशासनिक अधिकारीहरुको साथमा पुलबजार थाना प्रभारीसँगै बिजनबारी युथ फोरमका प्रतिनिधिगण, वरिपरिका विभिन्न संघसंस्थाको प्रतिनिधिहरुको साथमा सर्वसाधारणको विशेष रूपमा उपस्थिती रहेको थियो भने कार्यक्रममा मुख्य रूपमा ड्रक्सबारेमा जनचेतनाको साथमा यसको चपेटमा आएकाहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने बारेमा व्यापक चर्चा परिचर्चा गरिएको जानकारी प्राप्त भएको छ I यसका साथै आवश्यकता परेमा उनीहरूलाई सुधारगृहमा राख्ने दार्जिलिङ पुलिसले व्यवस्था गर्ने पुलबजार थाना प्रभारीले बताएका छन् ।

**घैयाबारी अस्पताल**

खरसांग महाकुमाको घैयाबारी प्राथमिक स्वास्थ्य केन्द्रमा चलिरहेको फार्मसिस्टको अभाव समाधान गरिएको छ। घैयाबारी प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मसिस्टको अभावको कारणले स्थानीयहरुले धेरै समस्या भोगिरहेका थिए। स्थानीय मानिसहरूको समस्यालाई मध्यनजर गर्दै एकजना फार्मसिस्ट जीटीएको स्वास्थ्य विभागको तर्फबाट नियुक्त गरिएको जानकारी प्राप्त भएको छ। फार्मसिस्ट आजदेखि घैयाबारी अस्पतालमा नियुक्त भएर आएका छन्। फार्मसिस्टलाई अखिल भारतीय गोर्खा विद्यार्थी महासंघ तीनधारे महानदी समष्टिको सभापति सुभम प्रधान र अन्य पदाधिकारीहरु र घैयाबारी तीन ग्राम पञ्चायतको प्रधान सुष्मा वाईबा,उप प्रधान केवल राई उपस्थित भएर स्वागत जनाएको छ।

**मौसम**

पश्चिम बंगालमा निरन्तर रहेको न्यून चापीय वायुका कारण मौसम फेरि बिग्रने सम्भावना छ। यो महिनाको अन्तिम हप्तामा कोलकाता सहित दक्षिण बंगालका विभिन्न जिल्लाहरूमा भारी वर्षा हुने अनुमान गरिएको छ। भोली दक्षिण २४ परगना र पूर्वी मेदिनीपुरमा वर्षा हुने पूर्वानुमान गरिएको छ। मौसम विभागले यसका लागि यल्लो अलर्ट जारी गरेको छ। साथै, २६ देखि २८ अगस्टसम्म समुद्रमामा पनि चेतावनी जारी गरिएको छ र जालहारीहरुलाई समुद्रमा नजाने सल्लाह दिइएको छ। यसरी नै मौसम विभागले आगामी २९ अनि ३० अगस्तको दिन उत्तर बंगालको पहाड़ी जिल्लाहरुमा वर्षामा वृद्धि हुन सक्ने अनुमान गरेको छ।

****** ० ******